Ref.# 2021/2301GSHMR Date: 01/29/2022

**महासचिवको प्रतिवेदन**

आदरणीय साथीहरु,

अमेरिकाको पूर्वीय तटमा रहेको यस सनसाइन फ्लोरिडा राज्यको ओल्र्यान्डोमा भैरहेको यस हाइब्रिड बैठकमा प्रत्यक्ष रुपमा उपस्थित तथा अनलाइन मार्फत जोडिनु भएका साथिहरुलाई मेरो व्यक्तिगत तथा गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद अमेरिकाको तर्फबाट नमस्कार ।

बिभिन्न सिलसिलामा अमेरिका प्रवेश गरेका हामी नेपालीहरुमा आफ्नो जन्म स्थलको बारेमा सदैव चासो,चिन्ता र माया ममता रहँदै आएको छ। नेपालमा केहि हुँदा हाम्रो अन्तरात्मामा छुन्छ र हामी सक्दो सहयोग पुर्याउन आतुर हुन्छौ । सक्दो सहयोग समेत पुर्याउदै आएका छौ। यसै सन्दर्भमा विश्वभर महामारीको रुपमा आक्रान्त पारेको कोभिड-१९ ले नेपालमा प्रभाव पारेको समयमा नेपाल सरकारलाई सहयोग पुऱ्याउने लक्षका साथ तीन करोड १६ लाख नेपाली रुपैयाँ भन्दा बढी मूल्यको स्वास्थ्य उपकरण र सामाग्री नेपाल पठाइएको छ । गैर आवासीय नेपाली सङ्घ अमेरिकाका अध्यक्ष बुद्धि सागर सुबेदीले ३ करोड १६ लाख रुपियाँ मूल्य भन्दा बढीका स्वास्थ्य सामग्री र उपकरण स्वास्थ्य मन्त्रालयमा नै कार्यक्रम गरी स्वास्थ्य राज्य मन्त्री उमेश श्रेष्ठलाई हस्तान्तरण गरिएको थियो। एनआरएनए अमेरिका र अमेरिकाको सेक्रेटरी अफ डिफेन्स अन्तरगत अमेरिकी सेना मार्फत सहयोग सामाग्री ढुवानीमा सहमति भएपछि अमेरिकी सेनाको जहाजले स्वास्थ्य उपकरण र सामाग्री नेपालसम्म ढुवानी गरेको हो। आगामी दिनमा आपत्–विपद्को समयमा गैर आवासीय नेपाली सङ्घ अमेरिकाले अमेरिकी सेनाको जहाजमा सहयोग सामाग्री नेपालसम्म निःशुल्क ढुवानी गराउन सक्ने गरी सहमति भएको छ । यो सहमतिसँगै प्रारम्भ भएको निःशुल्क ढुवानी गैर आवासीय नेपाली सङ्घ अमेरिकाको नेपाल र नेपालीको सहयोग अभियानका लागि कोसेढुङ्गा साबित भएको छ । नयाँ ढङ्गले काम आरम्भ गरी छोटो अवधिमा वर्तमान कार्यसमितिले कोभिड–१९ विरुद्धको अभियानमा सहयोग पठाउने सफलता प्राप्त गरेको छ । यस अभियानमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा जोडिएर सहयोग गर्नुहुने सबै प्रति गैर आवासीय नेपाली सङ्घ राष्ट्रिय समन्वय परिषद् अमेरिका आभारी छ ।

गैर आवासीय नेपाली संघ अमेरिकाबाट अन्तराष्ट्रिय समन्वय परिषदको महाधिवेशनमा भाग लिने २५ प्रतिशत प्रतिनिधि चयनका लागि एनसीसी तथा आईसीसीको बिधानमा निर्दिष्ट गरेको ब्यबस्था बमोजिम निर्वाचन सम्पन्न गरी प्रतिनिधीहरुको अन्तिम नामावली अन्तराष्ट्रिय समन्वय परिषदमा पठाउने कार्य सम्पन्न गरिएको।

सुन्दर भविष्यको कल्पनामा अमेरिका आएका युवाहरुको असामयिक निधन भएको दुखद घटनामा संस्थाले आबश्यकता अनुसार आर्थिक सहयोग उठाउन पहल गर्ने र उपलब्ध गराउने कार्य गरेको छ । गत बर्ष मात्र संस्थाले अकालमा ज्यान गुमाउन पुगेका दुई युवाको शव नेपाल पठाउने कार्यमा सहयोग पुर्याएको छ।

अमेरिकाको लुजीयाना राज्यमा गएको आइडा नामक आँधीले प्रभावित बनाएको अबस्थामा त्यस क्षेत्रमा रहनु भएका नेपालीहरुको अबस्था बुझ्ने र आबश्यकता अनुसार सक्दो सहयोग गर्ने कार्य संस्थाले गरेको थियो। उक्त कार्यमा सहयोग पुर्याउनु भएका उपाध्यक्ष द्वय सुमन थापा र विकास उप्रेती, युवा संयोजक त्रिभुवन पाण्डे र क्षेत्रीय संयोजक बादल भुजेललाई धन्यबाद दिन चाहन्छौ ।

गैर आवासीय नेपाली संघको बर्तमान कार्य समितीले आबश्यक सुधार गर्ने र अध्यक्षका प्रत्यासी सूर्य लम्सालले संस्थामा सुधारको माग गर्दै अदालतमा दायर गर्नु भएको मुद्दा फिर्ता लिने सहमती सेप्टेम्बर १३, २०२१ मा अमेरिका क्षेत्रका संयोजक राजन त्रिपाठी, बरिस्ठ अधिबक्त खगेन्द्र क्षेत्री र बासु फुलाराको रोहबरमा गरिएको छ।

सेप्टेमबर २७, २०२१ मा गैर आबासीय नेपाली सङ्घ अमेरिका र नेपाल स्थित अमेरिकी राजदूतावासको यूथ काउन्सिल बिच युवा र विद्यार्थीको विषयमा अन्तरक्रिया भएको थियो। सात समुन्द्र पारी बिभिन्न समयमा अबसरको खोजीको रुपमा आएका हामीहरु भावी सन्ततिलाई समेत नेपाली मूल प्रवाहमा सदैव जोड्न सकियोस भनि अमेरिका स्थित नेपाली दुतावाससँग सो कार्यक्रमको आयोजना गरिएको थियो । अमेरिका आइसकेपछि विद्यार्थीहरूले सामना गर्नु पर्ने भाषा र संस्कृतिको समस्या, विषयगत रुचि र कलेजहरूको जानकारी, बेला बखत केही विद्यार्थीमा देखिने मानसिक तनाव र स्वास्थ्य समस्या साथै सामना गर्नु पर्ने अरू चुनौतीका विषयमा दूतावासका प्रतिनिधिहरूलाई अवगत गराउनको लागि सचिव अनुप खनालको अगुवाइमा यो कार्यक्रमको आयोजना गरिएको थियो। यस अन्तरक्रिया कार्यक्रममा संस्थाको तर्फ़बाट अध्यक्ष बुद्दि सागर सुबेदी , उपाध्यक्ष सुमन थापा, महासचिब अन्जन कुमार चौलागाईं, प्रबक्ता तोया दाहाल, युवा संयोजक त्रिभुवन पाण्डेको उपस्थिति रहेको थियो । यसमा सहजीकरण र अत्यावश्यक सहयोग आवश्यक परेको समयमा युवा र विद्यार्थीलाई गैर आबासीय नेपाली सङ्घ अमेरिकाले सहयोग गर्दै आएको र हेल्प लाइनको माध्यमबाट सम्पर्क गर्न सकिने र

आबश्यकता अनुसार सहयोग पुर्याउदै आएको जानकारी अध्यक्ष बुद्दि सागर सुबेदीले गराउनु भएको थियो। गैर आवासीय नेपाली सङ्घ अमेरिका विद्यार्थी टास्कफोर्सले अमेरिकाका ६० वटा भन्दा बढी कलेजमा रहेका १५ सय

भन्दा बढी नेपाली विद्यार्थीहरूसँग सम्पर्क स्थापित गरिसकेको छ र अन्य कलेजहरुमा समेत आफ्ना गतिबिधि बढाउदै गएका छौ।

कार्यसमितिले आफ्नो कार्यकालको सुरुवातसंगै नेपालबाट भर्खरै अमेरिका पढ्न आउने तथा यहाँ बसेर पठनपाठन गरिरहेका बिद्यार्थीहरुलाई सहयोग पुर्याउने उद्देश्यका साथ हटलाइन नम्बरको सुरुवात गरेको छ।

रुप स्मृति प्रतिष्ठानसंग सहकार्य गरि रुप कार्कीको नामबाट एनआरएनए अमेरिकाले प्रेसिडेन्टल कपको आयोजना गर्ने निर्णय पनि गरेको छ । एक कार्यक्रम बिच एनआरएनए अमेरिकाका अध्यक्ष बुद्दि सागर सुबेदीले रुप स्मृति प्रतिष्ठानलाई सहयोगस्वरुप ५,००० डलरको चेक हस्तान्तरण गर्नु भएको छ।

गैर-आवासीय नेपाली संघ अमेरिकाको केन्द्रिय स्वास्थ विभाग प्रमुख दिलु पराजुलीको संयोजकत्वमा अक्टोबर ७ ,२०२१ मा **Updates On Covid-19 Variants & Booster Vaccines** कार्यक्रमको आयोजना गरी जनचेतना जगाउने कार्यको आयोजना गरिएको छ।

गैर-आवासीय नेपाली संघ (एनआरएनए) को उद्देश्य प्राप्तिका लागी सबै राष्ट्रिय समन्वय परिषद् (एनआरएनए एनसीसी) हरुको नियमित सम्पर्क,अन्तरक्रिया र सामुहिक रुपमा मातृभूमिमा सहयोग पुर्याउन सकिन्छ भन्ने बृहत उद्देश्य राखी अध्यक्ष बुद्दि सागर सुबेदीको पहलमा अक्टोबर २४ मा प्रथम र डिसेम्बर १ मा दोश्रो पटक राष्ट्रिय समन्वय परिषदका अध्यक्षहरुको विश्व भेलाको आयोजना गरियो। यस बिश्व भेलाले सबै एनसीसीहरुलाई नियमित सम्पर्कमा राख्ने र आबश्यकता परेको समयमा एकजुट भएर मातृभूमिमा सहयोग पुर्याउन सक्ने अबस्था निर्माण गरेको छ।

एनआरएनए को "ओन एनसीसी ओन च्यारिटी" कार्यक्रमका संयोजक कृष्ण जीवि पन्तले सल्यानमा सरोकारवालाहरु संग महत्वपूर्ण भेटघाट गरी कार्यलाई अगाडी बढाउनु भएको छ। यस कार्यको लगभग असी प्रतिशत कार्य सकिन लागेको बरिष्ठ उपाध्यक्ष कृष्ण जीवी पन्तले जानकारी दिनु भएको छ। यस कार्यले गर्दा नेपालमा एनआरएनए अमेरिकाको पहिचान बनाउन सफल भइएको छ।

अक्टोबर २०२१ मा नेपालको विभिन्न भागमा भइरहेको भारी वर्षाका कारण गएको बाढी पहिरोमा परि थुप्रै नेपालीले ज्यान गुमाउनु परेको अबस्थामा गोफन्ड मार्फत आर्थिक सहयोग जुटाउदै नेपालमा सहयोग पुर्याउने कार्यको सुरुवात गरियो।

नोभेम्बर १८, २०२१ मा गैर-आवासीय नेपाली संघ अमेरिकाको केन्द्रिय स्वास्थ्य बिभागद्वारा रक्तदान र स्वास्थ्यसंग संबन्धित बिषयमा एक कार्यक्रमको आयोजना गरी जानकारी प्रदान गरिएको थियो।

डिसेम्बर २, २०२१ मा नेपालमा अमेरीकी सरकारले प्रदान गरेको सहायता कार्यक्रम मिलेनियम च्यालेन्ज कर्पोरेशनको बारेमा जानकारीमुलक कार्यक्रमको आयोजना गरिएको थियो। अमेरिकी सरकारले प्रदान गरेको एमसीसी कार्यक्रमको बारेमा थप जानकारी दिने उद्देश्यले पुन: जनवरी २३,२०२२ मा कार्यक्रमको आयोजना गरियो। उक्त कार्यक्रमहरु संस्थाको तर्फ़बाट उपाध्यक्ष गोपेन्द्र राज भट्टराईले संचालन गर्नु भएको थियो ।

अमेरिकामा बसोबास गर्ने नेपाली नागरिकहरूलाई कम्तीमा दुई वर्षसम्म टीपीएस अवधि बढाउन अनुरोध गर्दै माननीय अलेक्ज्यान्डर मेयोर्कास, सचिव, डिपार्टमेन्ट अफ होमल्याण्ड सेक्युरिटी, माननीय कांग्रेसवोमन जेनिफर वेक्सटन र माननीय सिनेटर मार्क आर वार्नरलाइ पत्र पठाउने कार्य गरियो।

केन्टकी, अर्कान्सास, इलिनोइस, मिसिसिपी, मिजौरी, टेनेसी लगायत अमेरिकाका अन्य राज्यहरूमा डिसेम्बरमा गएको आँधीबेहरीबाट पिडित भएकाहरुलाई आबश्यकता अनुसार सहयोग पुर्याउने कार्य गरियो।

कोलोराडो राज्यको बोल्डर काउन्टीमा डिसेम्बर ३०, २०२१ मा नेपालीका दुई घर सहित करिब १,००० घरमा आगलागी भएको दुखद अबस्थामा गैर आवासीय नेपाली सङ्घ अमेरिकाका बोर्ड अफ डाइरेक्टर तथा हेल्प डेस्क कमिटिका संयोजक कोलोराडो निवासी राज ढुङ्गाना, पश्चिम क्षेत्रिय संयोजक श्रीराम थापा, कोलोराडो च्याप्टरका पूर्व अध्यक्ष तथा हेल्प डेस्क कमिटिका सह -संयोजक कुमार जङ्ग कार्की, हेल्प डेस्क कमिटिका सदस्य सुशील दाहाल, कोलोराडो च्याप्टरका अध्यक्ष आरसी पन्तका साथै च्याप्टरका सम्पूर्ण पदाधिकारीले पिडितसंग सम्पर्क गर्दै आबस्यकता अनुसार सक्दो सहयोग पुर्याउनु भयो।

संस्थाको कार्यलाइ चुस्त पार्दै अगाडी बढ्नको लागि बिभिन्न विद्यार्थी विभाग, स्वास्थ्य विभाग, विज्ञान तथा प्रविधि विभाग, नेपाली प्रोडक्ट प्रमोसन कमिटी, ब्लड डोनेसन कमिटी, हेल्प डेस्क कमिटी, आइटी कमिटी, इनभाइरोमेन्ट कमिटी, युवा विभाग,वान एनसीसी वान च्यारिटि कमिटी ,एनआरएनए फाउन्डेसन कमिटी, खेलकुद बिभाग, नेपाली संकृति संरक्षक प्रवर्धन बिभाग, कला तथा कलाकार प्रोत्साहान बिभाग, मिडिया तथा

पब्लिकेसन बिभाग,नेपाली पाठशाला बिभाग जस्ता टास्कफोर्सहरुको गठन गरिसकीएको छ भने अन्य टास्कफोर्सहरुको निर्माण कार्य जारीरहेको छ ।

वासिङ्टन डी सी स्थित नेपाली राजदूतावासमा गैर आवासीय नेपाली सङ्घका पदाधिकारी, सल्लाहकारहरुसँग बिहीबार 'गैर आवासीय नेपाली र नेपालमा लगानीको अवसर' विषयमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो। गैर आवासीय नेपाली सङ्घले १० अर्ब रुपैयाँ नेपालका कृषि, पर्यटन र पूर्वाधारसँग सम्बन्धित परियोजना लगानी गर्ने तयारी गरिसकेको छ ।गैर आवासीय नेपालीहरूको सामूहिक र व्यक्तिगत लगानीका विषयमा पनि कार्यक्रममा छलफल भएको थियो । गैर आवासीय नेपालीहरूको सामूहिक लगानी कोषमा नेपाल सरकारले ५ प्रतिशत, १५ प्रतिशत संस्थापक र बाँकी ८० प्रतिशत पुँजी साधारण सेयर जारी गरी सङ्कलन गरिने छ । आईपीओ भने सार्क मुलुक बाहेकका गैर आवासीय नेपालीले मात्र खरिद गर्न पाउने व्यवस्था गरिएको छ । सोहि अबसरमा गैर आवासीय नेपाली सङ्घ अमेरिकाका अध्यक्ष बुद्धि सागर सुवेदीले नेपालमा लगानी गर्न अहिले पनि नीतिगत र व्यवहारिक रूपमा थुप्रै उल्झनहरू (दोहोरो कर प्रणालीको अन्तका लागि दुई देश बिच सहमतिका लागि तत्काल काम सुरु गर्नु पर्ने, लगानी, मुनाफा र करको विषयमा रहेका अन्यौलता हटाइनु पर्ने ,लगानीको दायरा बढाउनु पर्ने, नेपालमा जन्मिएका गैर आवासीय नेपालीहरूलाई स्वदेश फर्किदा भिसा शुल्क हटाइनु पर्ने) रहेका हुँदा सो हटाउन पहल गर्नु पर्ने लगायतका विषयमा दुतावासको ध्यान आकर्षण गराउनु भएको थियो ।

उपाध्यक्ष सुमन थापाको सक्रियतामा हेल्प नेपाल परियोजनाको काम अगाडी बढाएको, संयुक्त राज्य अमेरिकामा आउने सबै विद्यार्थीहरूको लागि NRN फ्लायर्स तयार पार्नका लागि नेपाली दूतावाससँग सहकार्य, युवा र विद्यार्थी कार्यदल गठन, खेलकुद कार्यदल गठन गर्नु भएको छ भने ८ जना विद्यार्थीलाई छात्रवृत्ति दिने तयारी र बाल्टिमोरमा युवा सम्मेलन गर्ने तयारी गरिरहनु भएको छ।

महिला बिभाग प्रमुख दिक्षा बस्नेतले आफु मातहतमा महिला टास्कफोर्सको गठन पुरा गरेको जानकारी दिनु भएको छ। महिला टास्क फोर्सले आगामी मार्च महिनामा अन्तराष्ट्रिय नारी दिबस मनाउने तथा आगामी सेप्टेम्बर महिनामा दोश्रो राष्ट्रिय महिला सम्मेलन गर्ने तयारी गरीरहेको जानकारी दिनुभएको छ।

सन् २०२१ सम्ममा ७ वोटा च्याप्टरहरु सेक्रेटरी अफ स्टेटमा दर्ता भैसकेका छन् । अहिलले सम्ममा १० वोटा दर्ता भै थप दुई च्याप्टर दर्ता प्रकृयामा रहेका छन्।

केन्द्र र च्याप्टरलाइ आर्थिक रुपमा मजबुत गराउन सदस्यता शुल्क बापत प्राप्त हुने २० डलरको पच्चीस प्रतिशत अर्थाप ५ डलर सम्बन्धित च्याप्टरलाइ नै दिने निर्णय कार्यसमितिले गरेको छ।

**क्षेत्रिय संयोजकको संयोजकत्वमा चार वटा क्षेत्रिय समितिहरुलाई पूर्णता दिने काम भईसकेको छ।**

**१) मध्यपश्चिम क्षेत्रिय समिति**

ग़ैर आवासीय नेपाली संघ राष्ट्रीय समन्वय परिषद् अमेरिकाको मध्यपश्चिम क्षेत्रिय समितिको प्रथम बैठक सम्पन्न भएको छ । एनसीसी बिधानको अनुसार मिडवेस्ट क्षेत्रमा रहेका सबै राज्यका अध्यक्ष सहित मनोतित सदस्यहरुको सहभागितामा बनेको १३ सदस्यीय यस समितिको बैठक सम्पन्न भएको हो ।

मध्यपश्चिम क्षेत्रका क्षेत्रिय संयोजक किरण बस्नेतको संयोजकत्वमा बनेको उक्त समिति विस्कन्सन च्याप्टरका अध्यक्ष दिपक थापा सचिव रहनु भएको छ भने नेब्रास्काका च्याप्टरका अध्यक्ष बिमल अधिकारी , मिनिसोटाका अध्यक्ष विवेक झा , इलिनोयका अध्यक्ष चतुरान्नद चौधरी , ईन्डियानाका अध्यक्ष खेमराज खतिवडा , ओहायोका अध्यक्ष मोहन न्यौपाने , मिसिगनका अध्यक्ष तुलसी सिवाकोटि ,आयोवाका अध्यक्ष ज्योति बराल , केन्ससका अध्यक्ष फिलिप केसी  सदस्यहरुमा रहनु भएको छ भने मनोनित सदस्यहरुमा सरस्वती शर्मा, रविन्द्र उप्रेती र चतुरानन्द चौधरी सहितको समितिले पुर्णता पाएको छ।

**२) पश्चिम क्षेत्रिय समिति**

एनसीसी अमेरिकाको बिधान अनुसार पश्चिम क्षेत्रमा रहेका सबै राज्यका अध्यक्ष र एनआरएनएमा योगदान दिनु भएका व्यक्तित्वहरु सहितलाई मनोतित गर्दै ११ सदस्यीय समिति गठन गरिएको छ ।पश्चिम क्षेत्रिय संयोजक श्रीराम थापाको संयोजकत्वमा बनेको उक्त समिति क्यालीफोर्निया च्याप्टरका अध्यक्ष एकदेव शर्मा सचिव रहनु भएको छ भने ओरेगन च्याप्टरका अध्यक्ष लक्ष्मण दरलामी , कोलोराडोका अध्यक्ष आरसी पन्त , वाशिंटनका अध्यक्ष टंक दाहाल, न्यु मेक्सिको अध्यक्ष गंगाधर आचार्य , नेवादाका अध्यक्ष बल देव राई सदस्यहरुमा रहनु भएको छ भने मनोनित सदस्यहरुमा एनआरएनए अभियान्ताहरु सबु गदाल कार्की, अमित शर्मा, सुर्य बाँस्ताकोटी सहितको समितिले पुर्णता पाएको छ।

**३) दक्षिण क्षेत्रिय समिति**

दक्षिण क्षेत्रमा रहेका सबै राज्यका अध्यक्ष र एनआरएनएमा योगदान दिनु भएका व्यक्तित्वहरु सहितलाई मनोतित गर्दै ११ सदस्यीय समिति गठन गरिएको छ । एनसीसी अमेरिकाको बिधान अनुसार दक्षिण क्षेत्रका

संयोजक बादल भुजेलको संयोजकत्वमा बनेको उक्त समितिमा फ्लोरिडा च्याप्टरका अध्यक्ष बिकाश देवकोटा सचिव रहनु भएको छ भने च्याप्टरका अध्यक्षहरु क्रमस: टेक्सासका सोफिन थापा , जर्जियाका दिलिप बानिया , केन्टकीका केशब लोहनी , मेरिल्याण्डका राजु पराजुली, नर्थ क्यारोलिनाका बासुदेव भट्ट, टेनसीका सन्तोष थापा, भर्जिनियाका सुबोध रेग्मी रहनु भएको छ भने मनोनित सदस्यहरुमा एनआरएनए अभियान्ताहरु सदेश उप्रेती र ललित गुप्ता सहितलाई मनोनित गर्दै समितिलाई पुर्णता दिईएको छ।

**४) पुर्व क्षेत्रिय समिति**

पूर्व क्षेत्रमा रहेका सबै राज्यका अध्यक्ष र सामाजिक अभियन्ता हरु सहितको ११ सदस्यीय समिति गठन गरिएको छ । एनसीसी अमेरिकाको बिधान अनुसार पूर्व क्षेत्रका संयोजक सम्मर बहादुर बुडाथोकिको संयोजकत्वमा बनेको उक्त समितिमा न्युयोर्क च्याप्टरका अध्यक्ष आङ छिरिंग शेर्पा सचिब रहनु भएको छ भने च्याप्टरका अध्यक्षहरु क्रमसः न्यु जरसीका सुर्य तिवारी , पेन्सल्वेनियाका सुबाश बैठ, कनेक्टिकटका मुना तिवारी , म्यासाचुसेट्सका प्रेम तमाङ, न्यु ह्याम्पशायरका कमल ढुंगाना रहनु भएको छ भने मनोनित सदस्यहरुमा एनआरएनए अभियान्ताहरु बेगम पण्डित, ,यदु बन्जारा, उर्मिला श्रेष्ठ र डी. बि राउत सहितलाई मनोनित गर्दै समितिले पुर्णता पाएको छ।

एनआरएनए एनसीसी को मेरुदण्डको रुपमा रहेका हाम्रा क्षेत्र र च्याप्टरहरुले गरेका कार्यक्रमहरुको विवरण यहाँ प्रस्तुत गर्न चाहन्छु।

**मिडवेस्ट क्षेत्र**

१) अगस्ट २०२१ मा नेपालमा Covid-19 का लागि पठाएको सहयोग सामान र concentrators मध्य एउटा concentrator Midwest का तर्फवाट खरिद गरिएको तथा च्याप्टरहरूले पठाएका concentrators मध्ये Wisconsin chapter र Indiana chapter ले प्रति chapter $200 सहयोग गरेको।

**टेक्सास च्याप्टर**

१) टेक्सास च्याप्टरले सेप्टेम्बर ११, २०२१ मा " कलेज एण्ड क्यारिएर प्लानिङ्ग, द राइज्ट पाथ टु राइज्ट स्कुल" भन्ने कार्यक्रम आयोजना गरी युवाहरुलाई जानकारी प्रदान गर्ने कार्य गरेको थियो।
२) टेक्सास च्याप्टरले स्थानीय नेपाली समाज टेक्सास र पार्कल्याण्ड अस्पतालको सहकार्यमा निशुल्क स्वास्थ्य शिविर संचालन गरेको थियो।

**न्यु मेक्सिको च्याप्टर**

१) न्यु मेक्सिको च्याप्टरले डिसेम्बर ५, २०२१ मा स्वास्थ्य बिमा सम्बन्धि जानकारी दिने उद्देश्यले एक कार्यक्रमको आयोजना गरेको थियो।

**ओरेगन च्याप्टर**

१) ओरेगन च्याप्टरले डिसेम्बर ११,२०२१ मा ट्याक्स फाइलको तयारी गर्ने सम्बन्धमा एक जानकारी मुलक कार्यक्रमको आयोजना गरेको थियो।

**विस्कन्सिन च्याप्टर**

१) विस्कन्सिन च्याप्टरले जनवरी २२,२०२२ मा हाइब्रिड आम्दानी र अवकाश बिषयमा एक अन्तरक्रियात्मक तथा जानकारीमूलक कार्यक्रमको आयोजना गरेको थियो।

**नेब्रास्का च्याप्टर**

१) नेब्रास्का च्याप्टरले जनवरी २३,२०२२ मा अमेरिकन रेडक्रसको सहयोगमा रक्तदान कार्यक्रमको आयोजना गरेको थियो।

**फ्लोरिडा च्याप्टर**

१) स्वास्थ्य विभागले फ्लोरिडा च्याप्टरको सहयोगमा "Update On Omicron Variant & Health Information" कार्यक्रमको आयोजना गरेको थियो।

**नेभाडा च्याप्टर**

१) सर्बप्रथम यस च्याप्टारलाई गैर नाफामुखी संस्थाको रुपमा दर्ता गर्ने काम सम्पन्न गरेको ।

२) यस संस्थाको नाममा बैंक खाता खोल्ने काम सम्पन्न गरेको ।

३) संस्थामा रिक्त रहेका पदहरुमा मनोनयन गरी च्याप्टरलाई पूर्णरूप दिने काम सम्पन्न गरेको ।

४) एनआरएन युएसएले नेपाल सरकारलाई गरेको अक्सिजन सिलिंडर सहयोग गर्ने कार्यमा यस च्याप्टरले यथासक्य आर्थिक संकलन गरी १२८० डलर सहयोग ग़र्ने काम भयो।

५) च्याप्टरको पहलमा क्यान्सर पीड़ित धरान निबाशी श्रीमती रोजिना राईलाई जम्मा रक़म रू ३,८३,००० आर्थिक सहयोग गर्ने काम भयो ।

६) एनआरएन युएसए तथा अन्य च्याप्टरसंग संयुक्त रुपमा बिभिन्न जनचेतनामूलक कार्यक्रमहरु जस्तै Tax Preparation Education, Health Insurance information, Omicron Variant and Health information जस्ता कार्यक्रमहरुमा सहआयोजकको भूमिका निर्बाह गरेको ।

**कोलोराडो च्याप्टर**

१) नेपाल आबिस्कार केन्द्रको लागि २१,३९८.०० डलर चन्दा सङ्कलन गरेको ।

२) अमेरिकी कांग्रेस सदस्य जो नागस जुलाई २०२१ सँग भेट गरेको ।

३) खेलकुद प्रतियोगिता, भलिबलको जुलाई २०२१ मा आयोजना गरेको ।

४) अरोरा मेयर माइक कोफम्यान संग अगस्ट २०२१ मा भेटघाट कार्यक्रमको आयोजना गरेको ।

५) अगस्ट २०२१ मा कोलोराडोमा ३०० भन्दा बढीको सहभागितामा तीज उत्सव मनाइयो जसलाई रेडियो हिमालयबाट प्रत्यक्ष प्रसारण समेत गरिएको थियो।

६) नेपाली दूतावासको घुम्ती सेवा सेप्टेम्बर ११,२०२१ मा आयोजना गरेको।

७) कोलोराडोका गभर्नर जारेड पोलिससँग सेप्टेम्बर १०, २०२१ मा भेटघाट कार्यक्रम सम्पन्न गरेको ।

८) कोलोराडोमा नेपाली सांस्कृतिक केन्द्र निर्माणको लागि कोष संकलन गर्ने कार्यमा सहयोग गरेको ।

९) कोलोराडोमा नेपाली विद्यालयको लागि सांगीतिक कार्यक्रम गरी ९६३२ संकलन गरी ५३५९ हस्तान्तरण गरीसकिएको।

१०) नेपाली सामुदायिक केन्द्रको लागि कोलोराडो च्याप्टर महिला संयोजक दिलकुमारी श्रेष्ठ र सल्लाहकार शान्ति भुसालको अगुवाइमा देउसी भैलो कार्यक्रम गरी ११,५७५ संकलन गरेको ।

११) डिसेम्बर १९,२०२१ मा च्याप्टर होलिडे डिनर कार्यक्रमको आयोजना गरेको ।

**वाशिंगटन राज्य**

१) माइक्रोसफ्टको सहयोगमा सात हजार डलर आर्थिक सहायता संकलन गरि तिन हजार डलर नेपालमा कोभिड तथा बाढी पिडितको सहयोगार्थ रकम पठाएको।

२) नेपालमा कोभिड सामाग्री पठाउने कार्यमा अक्सिजन सिलिन्डर सहयोग गरेको।

३) च्याप्टरलाइ वाशिंगटन राज्यमा दर्ता गर्ने कार्य सम्पन्न गरिएको।

**बाल्टिमोर च्याप्टर**

नोभेम्बर २० र २१ मा बाल्टिमोरमा रहेका स्थानीय संघसंस्थाहरुको सहयोगमा "स्वास्थ्य बिमा-२०२२" मा इनरोलमेन्ट गर्ने सम्बन्धमा जानकारी प्रदान गर्न एक कार्यक्रमको आयोजना गरियो।

**क्यालिफोर्निया च्याप्टर**

१) अगस्ट २३, २०१७ मा अमेरिकामा पढ्न आएका विद्यार्थीलाई एअरपोर्टबाट पिकअप गरी सहयोग गरेको । नेपालबाट नै एनआरएनबाट सहयोग पाउन सकिन्छ भनि बिद्यार्थीलाइ जानकारी प्राप्त भएअनुसार एअरपोर्टबाट नै फोन गरेको जानकारी दिनु भएको थियो।

२) माया घर अनाथ आश्रमका २५ जना बाल बालिकालाई पैतिस हजार रकम हस्तान्तरण गरिएको छ । उक्त रकम Covid-१९ को कारण बालबालिकामा परेको प्रभावलाई मध्यनजर गर्दै रकम हस्तान्तरण गरिएको हो। दैनिक जिबन साथै पठन पाठनको सहजताका लागि सहयोगार्थ राहत स्वरूप रकम हस्तान्तरण गरिएको थियो ।

३) नेपालमा अक्सिजन सिलिन्डर पठाउनको लागि १३५० डलर दीइ सहयोग गरेको छ।

"Once a Nepali Always a Nepali"

४) डिसेम्बर ५, २०२१ मा कानुन ब्यबसायी गोपाल शाहासँग अध्यागमन सम्बन्धि जानकारी दिने उद्देश्यले अन्तर्कृया कार्यक्रमको आयोजना गरेको छ ।

५) डिसेम्बर १२, २०२१ मा महिला हिंसा तथा उत्पिडन बिषयमा गोष्ठीको आयोजना गरेको छ ।

६) गोफण्ड मार्फत सहयोग उठाइ पिडित परिवारलाई ५,९५२ डलर सहयोग पुर्याउने कार्य गरिएको ।

७) माथी उल्लेख गरिएका कार्यक्रम बाहेक केन्द्रले गरेका कार्यक्रममा सहभागिता जनाउने तथा अन्य च्याप्टर तथा स्थानीय संघ-संस्थाहरुसँग मिलि सामाजिक कार्यहरु सम्पन्न गरिएको छ ।

८) नेपाली नयाँ बर्षको अबसरमा सानफ्रान्सिस्कोमा पश्चिम क्षेत्रिय संघसंग मिलेर नेपाल डे परेडको आयोजना गर्न लागिएको छ।

**विस्कन्सिन च्याप्टर**

१) हरितालिका तिजको शुभकामना आदान प्रदान तथा Covid-19/Delta Variant सम्वन्धि जानकारी दिने कार्यक्रमको आयोजना।

२) महाबिर पुनको सहयोगार्थ स्थानिय संघसंस्थासँग मिली एक कार्यक्रमको आयोजना ।

३) स्थानिय संघसंस्थासँग मिली दसैंको आयोजना गरेको ।

४) ओरेगन तथा न्यूमेक्सिको च्याप्टरसँग मिली शैक्षिक तथा ट्याक्स तयारीको बारेमा कार्यक्रमको आयोजना ।

५ ) न्यूमेक्सिको च्याप्टरसँग मिली स्वास्थ्य बिमाको बारेमा जानकारी दिने कार्यक्रमको आयोजना ।

६) क्यालिफोर्निया च्याप्टरसँग मिली महिला हिंसा तथा बिभेदको बिषयमा एक कार्यक्रमको आयोजना ।

७) फ्लोरिडा च्याप्टरसँग मिली ओमिक्रोन भेरीएन्टको बिषयमा जानकारी दिने कार्यक्रम आयोजना ।

८ ) हाइब्रिड आम्दानी र अबकाश बिषयमा कार्यक्रमको आयोजना गरेको ।

**न्युजर्सि च्याप्टर**

१) कार्यसमितिका रिक्त स्थानहरु पूर्ति गरि कार्यसमितिलाई पूर्णता दिएको।

२) स्थानीय संघ-संस्था र "Women For Cause" सँग जर्जि शहरका मेयरको कार्यालयमा दोस्रो पटक नेपाली झण्डा फहराइयो ।

३) दक्षिण एसियाली संगठनसँग मिलेर महिला हिंसा, यौन उत्पीडन तथा सशक्तिकरण सम्बन्धि कार्यहरु निरन्तर आयोजना गरिरहेको।

४) नेपालको कोभिडको लागि स्वास्थ्य सामाग्री सहयोग गर्दा च्याप्टरको तर्फबाट एउटा अक्सिजन सिलिन्डर सहयोग गरेको।

५) आगामी दिनमा च्याप्टरले अध्यागमन, स्वास्थ्य सचेतना तथा रियल स्टेट सम्बन्धि जानकारी मुलक कार्यक्रम गर्ने योजना राखेको छ।

**म्यासाचुसेट्स च्याप्टर**

२) सेप्टेम्बर २५-२६, २०२१ मा नेपाली दुतावासको घुम्ति सिबीर संचालन गरी २५० जनालाइ सेवा प्रदान गरेको।

३) अक्टोबर १९, २०२१ मा ४९ महिला दिदीबहिनीहरुलाई First Aid र CPR को तालिमको सेवा दिएको।

४) अक्टोबर २४, २०२१ मा टेबल टेनिसको टुर्नामेन्ट गरी उठेको रकम नेपाल स्थित "New peace child home" लाई एक हजार डलर सहयोग गरेको ।

अन्जन कुमार चौलागाई
महासचिव,
गैर आवासीय नेपाली सङ्घ
राष्ट्रिय समन्वय परिषद अमेरिका
जनवरी २९ , २०२२